नि.प्र.का. सप्तरी द.नं. १२/०४८/०४९                                    स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २०९ | २०७९ साल चैत ८ गते बुधबार (22 Mar. 2023 Wednesday) | मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : उद्योगमा लगानी : ६२ वर्षमा ... २ पृष्ठमा : मलावीमा चक्रवात ... ४ पृष्ठमा : पूर्व सूचना प्रणाली सम्बन्धी...

## गठबन्धनको सरकारमा पालैपालो तीन दलले नेतृत्व गर्ने सहमति : नेता निधि



**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

नेपाली काँग्रेसका नेता विमलेन्द्र निधिले वर्तमान सरकार पाँच वर्ष चल्ने दाबीका साथ यो गठबन्धनको सरकारमा पालैपालो तीन दलले नेतृत्व गर्ने सहमति भएको खुलासा गरेका छन् ।

मंगलबार सप्तरीको कञ्चनरुप नगरपालिकास्थित बरमझियामा मेयर कप खेलकुद प्रतियोगिताको उद्घाटन मन्तव्यका क्रममा उनले यस्तो खुलासा गरेका हुन् ।

उनले भने, यो सरकार पूरै कार्यकाल टिक्छ, तपाइँहरु ढुक्क रहनुहोस् । उनले पहिलो कार्यकाल प्रचण्ड, दोश्रो कार्यकाल नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल, र तेश्रो कार्यकाल नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा चुनावी सरकार बन्ने पनि बताए ।

राजनीतिमा पनि खेलको जस्तै अनुशासन आवश्यक रहने बताउँदै उनले नेकपा (एमाले)ले त्यही अनुशासन र नियम नमानेका कारण सत्ताबाट बाहिरिएको जिकिर गरे ।

नेता निधिले सुरुमा काँग्रेसले पनि केही त्रुटी गरेका कारण प्रतिपक्षमा बस्ने अवस्था आएको भन्दै त्यसका बाबजुद पनि प्रधानमन्त्री पुष्पकमल दाहाललाई नै विश्वासको मत दिएर त्रुटी सच्याएको स्पष्ट पारे ।

सरकार बाहिर बसेर पनि प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिंदा धेरैतिरबाट नकारात्मक टिप्पणी सुन्नु परेको प्रसंग कोट्याउँदै नेता निधिले अहिले त्यसको परिणाम सकारात्मक आएको दावी गरे ।

नेपाली काँग्रेस पनि वर्तमान सरकारमा सहभागी हुने जानकारीका साथ पार्टीका केन्द्रीय सदस्य समेत रहेका उनले तीन, चार दिन भित्रै सरकारले पूर्णता पाउने भन्दै प्रदेशमा पनि कतै काँग्रेसको नेतृत्वमा कतै काँग्रेससहितको सहभागितामा सरकार बन्ने उनको कथन थियो ।

कंचनपुर नगरपालिकाका प्रमुख ललनप्रसाद गुप्ताले नगरपालिकाको तर्फबाट योग्य खेलाडी उत्पादन तथा प्रदेश र देशको खेलकुद स्तर माथी उठाउन बिभिन्न योजना बनाएर अघि बढेको र यसै क्रममा पहिलो पटक फुटवल, क्रिकेट, ब्याटमिनटन र क्यारेम बोर्ड लगायतका खेल समावेश गरि प्रथम मेयरकप प्रतियोगिताको आयोजना गरिएको बताए ।

चैत १५ सम्म चल्ने प्रतियोगितामा कंचनरुप नगरपालिकाका सबै १२ वटा वडा तथा कर्मचारी र स्वयमसेवक गरि कुल १४ टिम प्रतियोगितामा सहभागि छन् । प्रतियोगिताका बिजेता र उपबिजेतालाई क्रमश: नगद ५० र ३० हजार तथा ट्रफि प्रदान गरिने छ ।

कंचनरुप नगरपालिकाको आयोजनामा संचालित प्रतियोगिताको उद्घाटन समारोहमा प्रतिनिधिसभा सदस्य दिनेशकुमार यादव, प्रदेशसभा सदस्य मो.सकिल, पूर्वसंविधानसभा सदस्य सूर्यनाथ यादव, पूर्वप्रतिनिधिसभा सदस्य डा. सूर्यनारायण यादव, पूर्वमन्त्री सत्यनारायण मण्डललगायतले शुभकामना दिएका थिए ।

## बाखाले चार आँखा र दुई टाउके पाठो जन्माए



**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

राजविराज नगरपालिका वडा नं. ९ स्थित एक कृषकले पालेको बाखाले अनौठो पाठो जन्माएको छ ।

सो वडाको मलेठस्थित मानैन यादवले पालेको बाखाले मंगलवार विहान २ मुख र ४ आँखा भएको पाठो जन्माएपछी हेर्न आउनको भीड लाग्न थालेको छ ।

बाखाले २ पाठो जन्माएकोमा एउटा सामान्य रहेपनि अर्कोको २ वटा टाउको र ४ आखाँ रहेका छन् । दुईटै मुखबाट चम्चाले दुध खुवाएर पाठोको हेरचार थालिएको कृषक यादवले सुनाए । पाठोको तौल ५ कजी छ ।

## जातीय विभेद कानुनीरुपमा अन्त्य भए पनि व्यवहारमा भने अझै हट्न सकेन् : मन्त्री लेखी



**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

मधेस प्रदेशका कानुन, न्याय तथा प्रदेश सभा मामिला मन्त्री राजकुमार लेखीले जातीय विभेद कानुनीरुपमा अन्त्य भए पनि व्यवहारमा भने अझै हट्न नसकेको बताएका छन् ।

५८औं अन्तर्राष्ट्रिय जातीय तथा रगंभेद उन्मूलन दिवस ( मार्च २१, २०२३) को अवसरमा दलित सरोकार मञ्च नेपाल, कञ्चनरुप ८ सप्तरीले मंगलबार आयोजना गरेको जातीय विभेदसम्बन्धी नीति र अभ्यासमा रहेको अन्तरविरोध विषयक अन्तरक्रियामा मन्त्री लेखीले सो कुरा बताएका हुन् ।

मन्त्री लेखीले दलित समुदायले शिक्षालाई पहिलो प्राथमिकतामा राखेर आफ्ना बालबालिकालाई शिक्षित बनाउनु आवश्यक रहकोले दलित बालबालिका शिक्षित भएपछि मात्रै आफ्ना अधिकारबारे कुरा उठाउन सक्ने बताए ।

'जातिवाद तथा रंगभेदविरुद्ध तत्काल संघर्ष' भन्ने नाराका साथ आयोजित कार्यक्रममा दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोलाकुमार पासवानले सन् १९६० मार्च २१ मा दक्षिण अफ्रिकाको सार्पभिल भन्ने ठाउँमा स्थानीय काला जातिका जनताले रंगभेदी कानुनविरुद्ध गरेको आन्दोलनले मधेसी र दलित समुदायका लागि विशेष महत्व राख्ने बताए ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय कञ्चनपुरका डिएसपी दीपकुमार राय, कञ्चनरुप नपा ९ का वडाअध्यक्ष रामसुन्दर यादव, वडा नम्बर १ का वडाअध्यक्ष रब्बान खान, मञ्चका संस्थापक उपाध्यक्ष बच्चु सरबरिया, दलित समुदायका कार्यपालिका सदस्यहरुको संञ्जालका सप्तरी जिल्ला संयोजक अशोककुमार राम, सहसंयोजक राजेन्द्र विश्वकर्मा, संयुक्त दलित संघर्ष समिति कञ्चनरुप नपाका रामदेश शर्मा खत्वे, जिल्ला सचिव सियाराम पासवान, कञ्चनरुप नपाका पूर्वकार्यपालिका सदस्य विमलादेवी दासलगायतले दलित समुदायमाथि अझै विभेद कायम रहेकाले एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए ।

दलित समुदायका कार्यपालिका सदस्यहरुको जिल्लास्तरीय सञ्जाल सप्तरी र नगरस्तरीय संयुक्त दलित संघर्ष समिति, कञ्चनरुप नगरपालिका सप्तरीको समन्वयमा कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा जिल्लाभरीका दलित अगुवा,दलित समुदायका कार्यपालिका सदस्यहरु र अगुवाहरुको सहभागिता रहेको थियो । कार्यक्रम संचालन सुरुज्ञा नगरपालिकाका कार्यपालिका सदस्य शविदर्शन पासवानले गरेका थिए ।

## रास्वपाका अध्यक्ष लामिछानेविरुद्ध अख्तियारमा उजुरी



**दैनिक समाचारदाता**
**काठमाडौं, ७ चैत ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का अध्यक्ष रवि लामिछानेविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ ।

अध्यक्ष लामिछानेलाई राहदानी मुद्दामा शक्तिका आडमा उन्मुक्ति दिइएको भन्दै युवराज सफलले उजुरी दिएका हुन् ।

रविको नागरिकता र राहदानीबारे गृह मन्त्रालय हुँदै सर्वोच्च अदालतसम्म पुगेका सफलले जिल्ला प्रहरी परिसर काठमाडौं, जिल्ला सरकारी वकिल कार्यालय काठमाडौं, उच्च सरकारी वकिलको कार्यालय पाटन र महान्यायधिवक्ताको कार्यालयका पदाधिकारी एंव कर्मचारीविरुद्ध अख्तियारमा उजुरी दिएका हुन् ।

उनले अख्तियार दुरुपयोग गरी आरोपितलाई उन्मुक्ति दिएको भन्दै हदैसम्मको कारबाहीको माग गर्दै आइतबार उजुरी दर्ता गरिएको जानकारी दिए ।

## बैशाख १० मा हुने उपनिर्वाचनका लागि दल दर्ता आह्वान

**दैनिक समाचारदाता**
**काठमाडौं, ७ चैत ।**

आगामी वैशाख १० गते हुने उपनिर्वाचनका लागि निर्वाचन आयोगले दल दर्ता आह्वान गरेको छ।

विभिन्न कारणले रिक्त भएका प्रतिनिधि सभा सदस्य पदका लागि हुन लागेको उपनिर्वाचनका लागि आयोगले दल दर्ताको आह्वान

***बाँकी अन्तिम पृष्ठमा***

## डाका मुद्दामा फरार अभियुक्त २० वर्षपछी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

डाका मुद्दाका फरार एक अभियुक्त २० वर्ष पछी पक्राउ परेका छन् । पक्राउ पर्नेमा सप्तरीको बोदेबर्साइन नगरपालिका ३ का ६५ वर्षिय फुल कुमार चौधरी थारु छन् ।

प्रहरीले उनलाई गाँउघरमै लुकि बसेको अवस्थामा सोमवार साँझ पक्राउ गरेको हो । थारुले २०५८ साल जेठ २ गते सोही नगरपालिकाका सूर्य नारायण पालको घरमा घुसी पालको हात खुट्टा बाँधेर ६७ हजार ४० रुपैया बराबरको धनमाल लुटेर लगेका जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

डकौतिको मुख्य योजनाकार थारु नै रहेको तथा सो मुद्दा संलग्न अन्य १०/११ जना भने अझै फरार रहेको र खोजी कार्य भईरहेको प्रहरीको भनाई छ ।

उनलाई जिल्ला अदालत सप्तरीले २०७१ साल चैत्र १० गते ६ बर्षे कैद सजाय र १ लाख १९ हजार १ सय ८२ रुपैया जरिवाना ठहर गरेको थियो । घट्ना पछी उनी फरार थिए । पक्राउ परेका थारुलाई अदालतमा उपस्थित गराउँदा आदेशानुसार मंगलबार कैद सजाय भुक्तानका लागी राजबिराज कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।

## सम्पादकीय

### छुवाछुत निर्मुल पार्न सकारात्मक सोच आवश्यक

जातिय छुवाछुत सम्बन्धी कानुन निर्माण भएपनि कागजमै सीमित रहेको छ। कानुन बनेपनि त्यसको कार्यान्वयन पक्ष फितलो रहेको छ। जबसम्म कानुनको पालन प्रत्येक नागरिकले गर्दैन वा कानुनको पालना सही ढंगले हुँदैन तबसम्म यस्ता छुवाछुत कायमै रहन्छ। छुवाछुत कुनै रोग होइन् यो कुण्ठित मानसिकताको उपज हो। मानिसहरुले आफ्नो मन मस्तिष्कबाट हटाउन सक्दैनन् तबसम्म यो चलिरहन्छ। अहिले छुवाछुत जातजातीबाट सुरु भएर सानो ठूलो, धनी गरिब तथा वर्ण रुपमा समेत सरेको पुगेको छ।

मानिस रंग रुप कालो र गोरो भएमा पनि कालोले गोरोलाई र गोरोले कालोलाई हेप्ने गरेको देखिन्छ। अहिले छुवाछुतले समाजमा नराम्रो असर पारेको छ। सबैभन्दा बढी समाजमै हुने गरेको यस्तो प्रवृतीले मानिसहरु एक ठाउँबाट अर्को ठाउँमा स्थान्तरण हुन बाध्य भएका छन्। यस्ता प्रवृतीलाई कानुनका साथै सामाजिक रुपमा समेत बहिष्कार गर्न सकिएन भने यसले अझ विक्राल रुप लिने कुरामा दुई मत नहोला।

नेताहरुले भाषण मात्र नगरि यस्ता विकृतीलाई हटाउन समाजिक स्तरमा चेतनामूलक कार्यक्रमलाई अगाडी बढाउन सहयोग गर्नुपर्छ। तसर्थ यस्तो प्रवृतीलाई सक्दो जडैबाट हटाउन नसकिए पनि न्युनिकरणका लागि हामी लाग्नु पर्ने आवश्यक रहेको छ। यसको लागि आजैबाट आवश्यक पहल र सकारात्मक सोचका साथ अगाडी बढ्नुको विकल्प छैन्।

# उद्योगमा लगानी : ६२ वर्षमा २८ खर्ब

काठमाडौं, ७ चैत (रासस)।

करिब ६२ वर्षको अवधिमा उद्योग क्षेत्रमा मात्रै करिब २८ खर्ब बराबरको लगानी भएको पाइएको छ। उद्योग विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको फागुन मसान्तसम्म (विभिन्न क्षेत्रका उद्योगमा) रु २७ खर्ब ८२ अर्ब बराबरको लगानी प्रस्ताव भएको छ।

आर्थिक बर्ष २०१७/१८ सालदेखि २०७९/८० सम्म आठ हजार नौ सय ७४ उद्योगका लागि उक्त लगानी प्रस्ताव भएको हो। उक्त तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव साना उद्योगमा रहेको छ। तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगले छ लाख ७० हजार दुई सय ५५ जनालाई रोजगारी उपलब्ध गराएको उल्लेख छ।

**आठ महिनामा साढे एक खर्बको प्रतिबद्धता**

विभागले सार्वजनिक गरेको चालु आर्थिक बर्षको आठ महिना (गत साउनदेखि फागुन मसान्तसम्म) को तथ्याङ्कअनुसार स्वदेशी र विदेशी लगानीका एक सय ८३ वटा उद्योगका लागि रु एक खर्ब ५५ अर्ब बराबरको विदेशी लगानी प्रतिबद्धता आएको हो।

यस्तै, आठ महिनाको अवधिमा दुई सय ३९ विदेशी लगानीका उद्योगका लागि रु ३१ अर्ब २१ करोड ११ लाख ३२ हजार उक सय ९६ लगानी प्रतिबद्धता आएको छ। जसमा फागुनमा मात्रै रु तीन अर्ब ४४ करोड ९८ लाख ३८ हजार छ सय विदेशी लगानी प्रतिबद्धता भित्रिएको छ। विभागका अनुसार चालु आर्थिक वर्षको साउनमा मात्र रु दुई अर्ब ६४ करोड नौ लाख, भदौमा रु तीन अर्ब ४४ करोड ६५ लाख, असोजमा रु एक अर्ब ८५ करोड ४७ लाख र कात्तिकमा रु तीन अर्ब ६५ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो।

यस्तैगरी मङ्सिरमा रु ८० करोड आठ लाख, पुस महिनामा रु चार अर्ब ८५ करोड २० लाख, माघ महिनामा रु एक अर्ब ३९ करोड बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ। विभागको तथ्याङ्कअनुसार गत आर्थिक बर्ष २०७८/७९ को साउनमा रु पाँच अर्ब ५३ करोड ५० लाख, भदौमा रु छ अर्ब ३२ करोड, असोजमा रु एघार अर्ब ९६ करोड पाँच लाख, कात्तिकमा रु ९८ करोड, मङ्सिरमा रु पाँच अर्ब १५ करोड ५१ लाख, पुसमा रु ६१ करोड २० लाख, माघमा रु ५३ करोड ९५ लाख र फागुनमा रु दुई अर्ब २३ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो।

**साढे १३ अर्ब नाफा विदेशियो**

चालु आर्थिक वर्षको आठ महिनाको अवधिमा झण्डै साढे १३ अर्ब नेपाली विदेशीएको छ। उद्योग विभागले सार्वजनिक गरेको आठ महिनाको तथ्याङ्क अनुसार रु १३ अर्ब ४५ करोड ९८ लाख ७८ हजार तीन सय २४ लाभांशवापत रकम फिर्ताको सिफारिस भएको हो।

विभागले आठ महिनामा रोयल्टीवापत रु दुई अर्ब आठ करोड ९३ लाख ९७ हजार १०७ नेपाली रुपैयाँ, ११ लाख ४८ हजार सात ६० अमेरिकी डलर, ३० करोड ४७ लाख ५० हजार ८२५ भारतीय रुपैयाँ र ७ हजार युरो विदेश लैजानका लागि विभागले सिफारिस गरेको छ। विभागले सिफारिस गरेपछि नेपाल राष्ट्र बैंकबाट स्वीकृत लिएपछि मात्र नेपाली रुपैयाँ विदेश लैजान पाइन्छ। विभागले स्वीकृत गरेको १५ दिनभित्र रकम लैजान पाइने विभागले जनाएको छ।

## विश्व समाचार

### मलावीमा चक्रवात फ्रेडीबाट पाँच सय जनाको मृत्यु, पाँच लाखभन्दा बढी विस्थापित

ब्लान्टायर (मलावी), ७ चैत (रासस/सिन्ह्वा)।

दक्षिण मलावीमा भीषण चक्रवात फ्रेडीबाट पाँच सय जनाको मृत्यु भएको छभने पाँच लाख आठ हजार दुई सय ४४ जना विस्थापित भएका छन्। यसअघि सरकारी विपद् व्यवस्थापन विभागले चार सय ७६ जनाको मृत्यु भएको तथा चार लाख ९० हजार विस्थापित भएका बताएको थियो। आँधीबाट एक हजार तीन सय ३२ जना घाइते भएका छन् भने चार सय २७ जना हराइरहेका जनाएको थियो। आँधीबाट देशको राजधानी ब्लान्टायरमा व्यापक क्षति भएको छ। राजधानीका धेरै घर पहिरामा पुरिएका छन्। आँधी प्रभावित क्षेत्रका पुल र सडक भत्किएका छन्। विस्थापित परिवारको व्यवस्थापनका निम्ति तीन सय ३४ केन्द्र खडा गरिएको विभागका आयुक्त चार्ल्स कलेम्बाले बताएका छन्। मलावीको शिक्षा मन्त्रालयले यो महिनाको अन्त्यसम्म विद्यालय बन्द गर्ने घोषणा गरेको छ। विस्थापित परिवारलाई विद्यालयमा व्यवस्थापन गरिएकाले पठनपाठन स्थगन गरिएको उक्त मन्त्रालयले जनाएको छ। छिमेकी ताञ्जानिया र जाम्बियाका साथै संयुक्त अधिराज्यको सहयोगमा देशको सुरक्षा बल, प्रहरी र उद्धारकर्मीको टोलीले खोज तथा उद्धारलाई जारी राखेका छन्। सडक सम्पर्कबाट विच्छेद भएका स्थानमा हवाई सेवामार्फत राहत सामग्री, औषधिका साथै उद्धारकर्मी पुऱ्याइएको छ। देशका १५ जिल्ला आँधीबाट प्रभावित भएका छन् भने औसतभन्दा अधिक वर्षा भएर प्रभावितमध्येका तीन जिल्लामा जनजीवन कष्टकर बनेको छ। ती जिल्लामा चक्रवात साम्य भए पनि भारी वर्षा भएको छ। चक्रवात प्रभावित क्षेत्रको भ्रमणपछि मलावीका राष्ट्रपति लाजरस चकवेराले विदेशी नियोग, सरकार, स्थानीय एवम् अन्तरराष्ट्रिय संस्था एवम् कम्पनीसँग सहायताका निम्ति अपिल गर्नुभएको थियो। राष्ट्रपतिको अपिलअनुरुप ती निकायले सहायता परिचालन गरे पनि त्यो पर्याप्त नभएको राहत तथा उद्धारमा संलग्न अधिकारीहरूले गुनासो गरेका छन्। यसैबीच, दक्षिण अफ्रिकी विकास समुदायले मानवीय सहायतास्वरूप मलावीलाई तीन लाख अमेरिकी डलर उपलब्ध गराउने घोषणा गरेको छ।

### नौ हजार कर्मचारी कटौती गर्दै अमेजन

सान फ्रान्सिस्को, ७ चैत (रासस/सिन्ह्वा)।

अमेजनले थप नौ हजार कर्मचारीलाई सेवाबाट हटाउने भएको छ। अमेजनका प्रमुख कार्यकारी अधिकृत एन्डी जसीले नौ हजार कर्मचारी कटौती गर्ने कम्पनीको योजना सोमबार घोषणा गरेका हुन्। एक ब्लग पोस्टमा उनले कर्मचारी कटौतीबाट कम्पनीको क्लाउड सेवा, विज्ञापन र ट्विच एकाइमा असर पर्ने उल्लेख गरेका छन्। यसअघि अमेजनले १८ हजार कर्मचारी जागिर कटौती गर्ने घोषणा गरेको थियो। कुन विभागका कर्मचारी कटौतीमा पर्ने भन्ने निर्णय भइनसकको जनाउँदै एन्डीले आगामी एप्रिलको मध्यसम्ममा निर्णय कार्यान्वयन हुने बताएका छन्। अमेजन विश्वको सबैभन्दा ठूलो रोजगारदाता कम्पनी मध्येको एक हो। विश्वभर करिब १५ लाख कर्मचारी अमेजनमा आबद्ध छन्।

### कङ्गोमा विद्रोहीको आक्रमणबाट २१ सर्वसाधारणको मृत्यु

संयुक्त राष्ट्रसङ्घ, ७ चैत (रासस/सिन्ह्वा)।

अफ्रिकी देश कङ्गोमा यहाँको विद्रोही समूहको आक्रमणबाट हप्ता दिनमा कम्तीमा पनि २१ जनाको ज्यान गएको छ। प्राप्त समाचारअनुसार कङ्गोको पूर्वीकिभु र इतुरीमा यहाँका सशस्त्र विद्रोहीले हमला गरेका थिए। उनीहरुले गत शनिबार यी दुई प्रान्तका विभिन्न गाउँमा हमला गरी सर्वसाधारणको हत्या गरेका छन्। इतुरीको एक गाउँमा उनीहरुले एक गाउँका सर्वसधारणमाथि गोली चलाएका थिए। रातिको समयमा आएका सशस्त्र समूहका सदस्यले गरेको हमलामा परेर कम्तीमा पनि १० जना सर्वसधारणको ज्यान गएको हो। त्यस्तै उत्तरी किभुमा पनि उनीहरुले गाउँलेमाथि हमला गरेका थिए। ती हमलामा परेर सर्वसाधारण मारिएका छन्। इतुरी र यस आसपासका गाउँमा भएको हिंसात्मक आक्रमणमा परेर ११ जना सर्वसाधारण मारिएका बताइएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसका सहायक प्रवक्ता फराह हकले सो कुराको जानकारी दिनुभएको हो। उहाँले पछिल्ला केही हप्तामा पूर्वीकङ्गोका कैयौं स्थानमा यहाँको सरकारसँग विद्रोह गरेको समूहले सर्वसाधारणमाथि हमला गर्ने गरेको छ। यहाँ संयुक्त राष्ट्रसङ्घीय मिसनले शान्ति स्थापनाका लागि प्रयास गरेको भएपनि हिंसाको अन्त्य हुन सकेको छैन।

### सात करोडभन्दा बढी बालबालिका पानीजन्य सङ्क्रमणको खतरामा

अबुजा, ७ चैत (रासस/सिन्ह्वा)।

नाइजेरियामा पानीजन्य सङ्क्रमणबाट धेरै बालबालिका समस्यामा पर्नसक्ने देखिएको छ। नाइजेरियामा शुद्ध पिउने पानीको समस्या रहेको भन्दै यहाँका कम्तीमा पनि सात करोड आठ लाख बालबालिका पानीजन्य सङ्क्रमणको उच्च खतरामा रहेका एक अनुसन्धानमा देखाइएको छ। संयुक्त राष्ट्रसङ्घीय बालकोषले सो कुराको जानकारी दिएको हो। सो कोषले सोमबार प्रकाशन गरेको एक प्रतिवेदनमा यहाँ पानीजन्य सङ्क्रमणको खतरा बढी देखिएको र यहाँका ठूलो सङ्ख्याका नागरिक यसबाट सङ्क्रमित हुने खतरा रहेको पाइएको बताइएको छ। बालकोषले यहाँ शुद्ध र सफा पिउने पानी, सौचालय, सरसफाई र खानामा लगानी गर्नुपर्ने सुझाव नाइजेरिया सरकारलाई दिएको छ। यस्तो जोखिममा रहेका बालबालिकाको स्वास्थ्यमा विशेष ध्यान दिएर सरसफाई र खानेपानीका क्षेत्रमा आवश्यक मात्रामा लगानी गर्न र बालबालिकाको स्वास्थ्यमा आवश्यक नीति तथा कार्यक्रम बनाउन पनि आग्रह गरिएको छ। देशमा आवश्यक मात्रामा पिउने शुद्ध पानी, चर्पी, स्वस्थ वातावरणको अभावका कारण यहाँका करिब एक तिहाइ बालबालिका स्वास्थ्य जोखिममा परेका युनिसेफले सोमबार सार्वजनिक गरेको सो प्रतिवेदनमा उल्लेख गरिएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि बिकास बैंक लि. शाखा कार्यालय हनुमाननगरको २१ दिने सुचना

यस बैंकको शाखा बाट तपशिल बमोजीमका ब्यक्ती/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभीन्न मितीमा कर्जा लिई हालसम्म कर्जा/ब्याँज नबुझाई भाखा नाघि निम्न लेखिए बमोजीम अनुसारको र कम बूझाउने सम्बन्धमा बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितीले २१ दिन भित्र बुझाउनको लागी यो सुचना प्रकाशन गरिएको छ । उल्लेखित मिती भित्र पनी रकम दाखिला हुन नआएमा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषी बिकास बैंक लि.को कर्जा असुली कार्यबिधि तथा प्रचलीत ऐन नियम बमोजीम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिकी वा अन्य ब्यवस्था गरी बैंकको सम्पुर्ण लेना रकम असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराउदछौं । साथै तपशिल बमोजीमका ब्यक्ति/फर्म/कम्पनीहरुलाई बैकंबाट कर्जा लिन मञ्जुरीनामा दिने ब्यक्तीहरुलाई समेत यसै सुचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

| क्र.स. | कर्जा ग्राहकको नाम (फर्म, प्रोपराइटरको नाम/कम्पनी तथा संचालकहरुको नाम | ठेगाना | बजे/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | सावाँ रकम रु. | मिती २०७९ फागुन मसान्त सम्मको ब्योंज तथा अन्य रकम | जम्मा तिर्नूपर्ने रकम | धितो मञ्जुरीनामा दिने/जमानत बस्नेको नाम | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मौजेलाल गुरमैता यादव | मधवापुर-९ | नगरु | मोतिलाल गुरमैता | सरल कृषी कर्जा | १००००० | ७९४६ | १०७९४६ | | |
| २ | उपेन्द्र कुमार यादब | को. मधेपुरा -४ | सियालाल यादब | चन्द्र देव यादब | सरल कृषी कर्जा | ८००००० | ८८८६४ | ८८८८६४ | रेणु कुमारी यादब | |
| ३ | रन्जित कुमार यादव | बथनाहा -१ | नथुनी यादव | अरुण कुमार यादव | सरल कृषी कर्जा | ९७५,००० | ८७३४४ | १०६२३४४ | राजेश कुमार यादव | |
| ४ | शान्ति कुमारी यादव | डिमन- १ | बैधनाथ यादब | हरिनारायण यादब | सरल कृषी कर्जा | ९७५००० | ४१४४१ | १०१६४४१ | | |
| ५ | गुनेश्वर यादव | महादेवा -४ | जगरुप यादव | कर्मी यादव | सरल कृषी कर्जा | ४००००० | ३६५४४ | ४३६५४४ | | |
| ६ | पवनी देवी राय | को.बरसाइन-९ | गंगाइ राय | नन्दन राय | सरल कृषी कर्जा | ५५०००० | ३५४२७ | ५८५४२७ | | |
| ७ | लक्ष्मी यादव | मधेपुरा-८ | घोघाई यादब | राम लाल यादब | सरल कृषी कर्जा | ५००००० | २४४८६ | ५२४४८६ | बिमला देवी यादव | |
| ८ | जहरी देबी मंडल | २ नं. जोगीनिया -६ | चुवा मडंल | छौटकैन मंडल | सरल कृषी कर्जा | ३०००० | ३५९९ | ३५९९ | लक्ष्मी मंडल | |
| ९ | जय नारायण यादब | बथनाहा -२ | गेना दास | बैनी यादब | घरायसी कर्जा | ५००००० | ३०६६४ | ५३०६६४ | बैनी यादब | |
| १० | जय करण अधिकारी | महदेवा -७ | दुखा अधिकारी | फुकर अधिकारी | सरल कृषी कर्जा | ४००००० | ४५०२० | ४४५०२० | | |
| ११ | प्रितम लाल यादव | रम्पुरा मल्हनीया -५ | बृजलाल यादव | हिरालाल यादव | सरल कृषी कर्जा | १०००००० | ४८७६२ | १४८७६२ | | |
| १२ | कुहुकी देवी धनुकाइन | डाढा -४ | मधु मंडल | मौली मंडल धानुक | | ३५०००० | २९६८५ | ३७९६८५ | | |
| १३ | अडहुल देवी यादव | रम्पुरा मल्हनीया -९ | नथी यादव | जर्नादन यादव | सरल कृषी कर्जा | ३००००० | २७१९४ | ३२७१९४ | | |
| १४ | रत्न मैन देवी | मधेपुरा-९ | चौधरी मैरता | राम प्रसाद कौडगिया | सरल कृषी कर्जा | ९७५००० | ४८८९६ | १०२३८९६ | | |
| १५ | बबिता कुमारी | महदेवा -१ | रामदेव प्रसाद यादव | ग्जेन्द्र प्रसाद यादव | सरल कृषी कर्जा | ३५०००० | १२६४४ | ३६२६४४ | | |
| १६ | भुनेश प्रसाद यादव | बथनाहा -१ | मोहन यादव | रामदेव यादव | घरायसी कर्जा | ५००००० | ४८६९१ | ५४८६९१ | | |
| १७ | छदनी देवी यादव | महदेवा -५ | दोरीक यादव | कपलेश्वर यादव | सरल कृषी कर्जा | १०००००० | ६६५४७ | १०६६५४७ | | |
| १८ | जगदिश यादव | भारदह-१ | ठिठर यादव | मुक्तीलाल यादव | सरल कृषी कर्जा | ४००००० | ४१०२३ | ४४१०२३ | चित्रकला देबी | |
| १९ | त्रिभुवन नारायण देव | ह.क. १० | लौनत लाल देव | देब नारायण देब | अअअअअअअअ | ५००००० | ३५६१० | ५३५६१० | | |
| २० | अमित काष्ठ उधोग बालकृष्ण यादब | महदेवा -१ | पुजल यादव | कारीचन यादव | ब्यापार कर्जा | २५००००० | १९६३७० | २६९६३७० | | |
| २१ | खुश्बु किराना पसल (उमादेवी साह) | डाढा -९ | जियालाल साह | जोगेन्द्र प्रसाद साह | गैर कृषी कर्जा | २००००० | ८४८३ | २८४८३ | | |
| २२ | साथि इलेक्ट्रोनिकस राजेश कुमार यादव | रम्पुरा मल्हनीया -९ | लालजी सढोक यादव | देबी सढोक यादव | ब्यापार कर्जा | ९००००० | ३०८७१ | ९३०८७१ | | |
| २३ | महेन्द्र मंडल | कोइलाडी- ५ | तुलसी मंडल | मोहन मंडल | घरायसी कर्जा | ९००००० | ४१००२ | ९४१००२ | | |
| २४ | दशरथ यादव | बथनाहा -६ | उचित यादव | उरयाग यादव | घरायसी कर्जा | ५००००० | ३६२५३ | ५३६२५३ | | |
| २५ | जानकी देवी | इनर्वा -२ | भजुलाल मंडल | सूर्यनारायण मंडल | घरायसी कर्जा | ३००००० | १८२९५ | ३१८२९५ | | |
| २६ | इन्द्रदेव यादव | को.मधेपुरा-९ | चुनी यादव | सिया यादव | सरल कृषी कर्जा | ५००००० | २४८६५ | ५२४८६५ | | |
| २७ | प्रिती किराना जेनरल स्टोर रामचरण यादव | भारदह ८ | पन्ची यादव | बोकाइ यादव | ब्यापार कर्जा | ९९५००० | ५८९१० | १०५३९१० | | |
| २८ | न्यू शोभा मेडिकल हल शोभालाल यादव | महदेवा -१ | सुरैत यादव | लेलहाइ यादव | ब्यापार कर्जा | ३००००० | १५१५३ | ३१५१५३ | | |
| २९ | दिप नारायण यादव | डिमन १ | जय नारायण यादव | बेचु यादव | सरल कृषी कजा | ७००००० | २४७३३ | ७२४७३३ | | |
| ३० | देव नारायण यादव | रम्पुरा मल्हनीया -४ | नटाइ यादव | कुसुम लाल यादव | घरायसी कर्जा | ७००००० | ३३४७८ | ७३३४७८ | | |
| ३१ | मान्ती देवी यादव | डिमन- ३ | असर्फि यादव | मिश्रिलाल यादव | सरल कृषी कर्जा | ६००००० | २२९३९ | ६२२९३९ | | |
| ३२ | पन्ची सुनरैत | १न.जोगिनिया ५ | गुगली सुनरैत | जुगेश्वर सुनरैत | सरल कृषी कर्जा | ८००००० | २९७७९ | ८२९७७९ | | |
| ३३ | शुलभ किराना एण्ड मदिरा पसल (मुकेश कु.यादव) | डाढा -८ | तनुकलाल यादव | राजाराम यादव | ब्यापार कर्जा | ९७५००० | ३९६७१ | १०१४६७१ | | |
| ३४ | देव सुन्दरी मल्लाह | डिमन- ५ | सनुप मल्लाह | कंतलाल मल्लाह | सरल कृषी कर्जा | १०००००० | ३८०३५ | १०३८०३५ | | |
| ३५ | शुभ नारायण यादव | कोइलाडी-७ | कर्मा | फवर यादव | सरल कृषी कर्जा | ४००००० | १९३०१ | ४१९३०१ | | |
| ३६ | गंगाराम यादव | डिमन | अनुप यादव | धुथर यादव | सरल कृषी कर्जा | ९५०००० | ४६५०८ | ९९६५०८ | | |
| ३७ | अन्जय कुमार सुकला | डाढा १ | लक्ष्मी सुकला | कमला सुकला | सरल कृषी कर्जा | ९००००० | ३१६५६ | ९३१६५६ | | |
| ३८ | मुर्ति पोल्ट्री फर्म मुर्तिदेवी मल्लाह | डिमन ६ | प्रभु सहनी | बिन्देश्वर सहनी | सरल कृषी कर्जा | ९००००० | ३५७५६ | ९३५७५६ | | |
| ३९ | सोहन मण्डल धानुक | मधेपुरा-९ | भदि मण्डल | तुलसी मण्डल | सरल कृषी कर्जा | ३५०००० | १७१६० | ३६७१६० | | |
| ४० | सुर्तिलाल यादव | कोइलाडी -७ | निहाली यादव | बच्ची यादव | सरल कृषी कर्जा | २००००० | ११२९३ | २११२९३ | | |
| ४१ | ओम कृषि फर्म बिन्दुला देबी मंडल | बभनगामाकटटी १ | बौबालाल मंडल | जगदिश मंडल | सरल कृषी कर्जा | १०००००० | ५०८२८ | १०५०८२८ | | |
| ४२ | जसिरन खातुन | डाढा ३ | इसुफ मंसुरी | आलम मिया | सरल कृषी कर्जा | ६००००० | २७५५५ | ६२७५५५ | | |
| ४३ | बद्री सुतिहार | डिमन २ | कमचन्द्र सुतिहार | गोबिन्द सुतिहार | सरल कृषी कर्जा | ५००००० | २७२३० | ५२७२३० | | |
| ४४ | चन्दादेवी धनुकाइन | को.मधेपुरा-९ | सुनर मंडल | गोसाइ मंडल | सरल कृषी कर्जा | ६००००० | २९२१६ | ६२९२१६ | | |
| ४५ | मदन कुमार तिवारी | डाढा -१ | फुदन तिवारी | शिवदुलार तिवारी | सरल कृषी कर्जा | ५००००० | २०६५३ | ५२०६५३ | चन्देश्वर यादव | |
| ४६ | महेन्द्र किराना एण्ड जेनरल स्टोर महेन्द्र साह | को.मधेपुरा-२ | कुजल साह | रामगुलाम साह | ब्यापार कर्जा | ३४७५००० | ३३६२०० | ३८११२०० | | |
| ४७ | भरत यादव | रम्पुरा मल्हनीया -९ | लक्ष्मण यादव | नथुनी यादव | सरल कृषी कर्जा | ५००००० | २९३२८ | ५२९३२८ | | |
| ४८ | चन्दना औरगानिक कृषि फर्म चन्दादेवी मंडल | को.मधेपुरा-५ | छोटेलाल मंडल | रघुनन्दन मंडल | सरल कृषी कर्जा | ६५०००० | ३२६०९ | ६८२६०९ | | |
| ४९ | लक्ष्मण यादव | डिमन १ | हितलाल | खुशिलाल यादव | सरल कृषी कर्जा | ५००००० | ५०७४१ | ५५०७४१ | | |
| ५० | पुलकित यादव | पकरी १ | चानी | गुलटेन | सरल कृषी कर्जा | ५००००० | १६३१३ | ५१६३१३ | | |
| ५१ | दुखिलाल सुतिहार | डिमन- १ | पुनित | बेचन सुतिहार | सरल कृषी कर्जा | ७५०००० | ४२४२० | ७९२४२० | | |
| ५२ | रामप्रसाद यादव | डिमन ४ | लेलहाइ यादव | जिलेबी यादव | सरल कृषी कर्जा | १००००० | ४४३२ | १०४४३२ | | |
| ५३ | न्यू आर.के.ट्रेडर्स (बच्चा देवी यादव) | को.मधेपुरा-८ | छुतहरु इादव | असर्फि यादव | ब्यापार कर्जा | १५००००० | ७९१३६ | १५७९१३६ | | |
| ५४ | बिनाद कुमार गोइत यादव | २ न.जोगिनिया ८ | फदन यादव | हरेराम यादव | सरल कृषी कर्जा | ७००००० | ४४१०८ | ७४४१०८ | | |
| ५५ | तेजनारायण यादव | डिमन १ | भुजुङगी यादव | उपेन्द्र प्रसाद यादव | सरल कृषी कर्जा | ७००००० | ३८२३७ | ७३८२३७ | | |
| ५६ | दिपेन्द्र यादव | भारदह ८ | मोहन यादव | रामेश्वर यादव | सरल कृषी कर्जा | ५००००० | २२६९६ | ५२२६९६ | | |
| ५७ | कमल नारायण मण्डल | बभनगामाकटटी ३ | बिकु मण्डल | मंसि मण्डल | सरल कृषी कर्जा | ३००००० | १३६५२ | ३१३६५२ | | |
| ५८ | सकलदेव यादव | को.मधेपुरा-९ | लुचाइ यादव | डोमन यादव | सरल कृषी कर्जा | ५५०००० | १९९९७ | ५६९९९७ | | |
| ५९ | रघुनाथ प्रसाद यादव | बथनाहा १ | फौदार प्रसाद यादव | दिनेश प्रसाद यादव | सरल कृषी कजा | ४००००० | ३४९११ | ४३४९११ | | |
| ६० | डम्बर यादव | बथनाहा ३ | मुसहरु यादव | गोसाइ यादव | सरल कृषी कर्जा | ५००००० | १७९२५ | ५१७९२५ | | |
| ६१ | गिरजादेवि धनुकाइन | इनर्वा ८ | फनिलाल मंडल | खटर मंडल | सरल कृषी कर्जा | ५००००० | ३८७७५ | ५३८७७५ | | |
| ६२ | कैलु यादव | बथनाहा ८ | हिबि | हरहु यादव | ब्यापार कर्जा | २००००० | १२६६५ | २१२६६५ | | |
| ६३ | पशुपति यादव | बभनगामाकटटी | धनि यादव | असर्फि यादव | सरल कृषी कर्जा | ६००००० | ३२९०५ | ६३२९०५ | | |
| ६४ | मिना कुमारी मण्डल | महादेवा ४ | हुलि मण्डल | शिव नारायण मण्डल | सरल कृषी कर्जा | ९९८००० | ४०७३७ | १०३८७३७ | | |
| ६५ | अवध यादव | रम्पुरा मल्हनीया -६ | नेपाल यादव | सिंहेश्वर यादव | घरायसी कर्जा | ८५०००० | ९४५३४ | ९४४५३४ | | |
| ६६ | मनोज दास | भारदह-३ | सत्यदेव दास | जगदिश दास | घरायसी कर्जा | ५००००० | २४४३२ | ५२४४३२ | | |

कृषि बिकास बैंक लि.
शाखा कार्यालय हनुमाननगर

# पूर्व सूचना प्रणाली सम्बन्धी क्रस बोर्डर अन्तरक्रिया सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

सप्तरीको खाँडो खोलामा जडान गरिएको समुदायमा आधारित बाढी पूर्व सूचना प्रणाली र यसबाट भारतीय क्षेत्रमा परेको प्रभावका बिषयमा सोमबार बिहारको कुनौलीमा क्रस बोर्डर अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको छ ।

इसिमोडको सहयोगमा सबल नेपालले आयोजना गरेको सो कार्यक्रममा युनिसेफको आर्थिक सहयोगमा तिलाठी कोइलाडी गाउँपालिकाद्वारा ईसिमोड र सबल नेपालको प्राविधिक सहयोगमा जडान गरिएको पूर्व सूचना प्रणालीका बारेमा कार्यक्रमको आयोजना गरिएको हो ।

सो कार्यक्रममा कुनौली ग्राम पञ्चायतका पूर्व मुखिया सत्यनारायण रजकले पूर्व सूचना प्रणालीले यस क्षेत्रमा धनमाल जोगाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए । "पूर्व सूचना प्रणाली नहुँदा बाढी कतिखेर आउने हो हामीलाई थाहा नै हुँदैनथियो" पूर्व मुखिया रजकले भन्नुभयो, "अब त करिब तीन घण्टा अगावै खबर आउँछ र हामी सबै सजग हुने गरेका छौं ।"

तीन वटै पञ्चायतको ५७ वटै वडामा वडा स्तरीय समिति गठन गरि विपद् जोखिम न्युनीकरण सम्बन्धी जागरण कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको पूर्व मुखिया रजकले आवश्यकता औंल्याए ।

समुदायमा आधारित बाढी पूर्व सूचना प्रणालीबाट भारतको बिहार राज्य अन्तर्गतका तीन वटा ग्राम पञ्चायतका बासिन्दालाई पनि अझ फाइदा पुऱ्याउन गर्नुपर्ने कार्यहरुको बारेमा अन्तरक्रिया गर्न तथा बाढी पूर्व सूचना प्रणालीलाई अझ ब्यवस्थित गर्न सुझाव संकलन गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको सबल नेपालका सिनियर म्यानेजर अशोक साहले बताए ।

कुनौलीको लोक भारती सेवा आश्रमको स्थानीय संयोजनमा आयोजना गरिएको सो कार्यक्रममा कुनौलीका मुखिया दिलिप कुमार रजकले पूर्व सूचना प्रणालीबाट धेरै मद्दत पुगेको र यसलाई तीनवटै पञ्चायतमा ब्यवस्थित रुपमा सूचना प्रवाह गर्न आफूहरुले अझ मिहिनेत गर्ने बताए ।

सो कार्यक्रममा तिलाठी कोइलाडी गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झाले समुदायमा आधारित बाढी पूर्व सूचना प्रणाली र यसले भारतीय क्षेत्रमा पारेको सकारात्मक प्रभावका बारेमा प्रस्तुतीकरण गरेका थिए ।

लोक भारती सेवा आश्रमका सचिव पञ्चम नारायण सिंहको अध्यक्षतामा आयोजित सो कार्यक्रममा कुनौली, कमलपुर र डंगमारा पञ्चायतका मुखिया, सरपञ्च तथा विपद् ब्यवस्थापनको क्षेत्रमा कार्यरत ब्यक्तिहरुको सहभागिता रहेको थियो ।

खाँडो नदीको बाढीले कुनौली, कमलपुर र डंगमारा ग्राम पञ्चायतको वडाहरुलाई प्रभावित गर्दै आएको छ ।

### बैशाख १० मा ...

गरेको हो ।

आयोगले सूचना जारी गर्दै बुधबारदेखि १२ गतेसम्म दल दर्ताको मिति तोकिएको जनाएको छ । आगामी वैशाख १० गते, तनहुँ-१, बारा-२ र चितवन-२ मा प्रतिनिधि सभा सदस्यका लागि उपनिर्वाचन हुँदैछ ।

तनहुँ-१ का प्रतिनिधि सभा सदस्य रामचन्द्र पौडेल राष्ट्रपति र बारा-२ का रामसहायप्रसाद यादव उपराष्ट्रपति निर्वाचित भएपछि उपनिर्वाचन हुन लागेको हो । यस्तै, चितवन-२ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य रवि लामिछाने नागरिकता विवादमा दोषी ठहर भईपदमुक्त भएपछि उपनिर्वाचन हुने भएको हो ।

# छुवाछूत तथा भेद्भावमुक्त वातावरणको सुनिश्चित गर्न आयोगको आग्रह

काठमाडौं, ७ चैत (रासस) ।

राष्ट्रिय मानवअधिकार आयोगले जातीय छुवाछूत तथा भेद्भावमुक्त वातावरणको सुनिश्चित गर्न सरकार र सम्बन्धित निकायलाई आग्रह गरेको छ ।

जातीय भेद्भाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (मार्च २१) को अवसरमा आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा जातीय विभेद्का सबै घटनाका सुक्ष्म अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन आग्रह गरिएको छ ।

"समाजमा दैनिकजसो घट्ने जातीय विभेद तथा छुवाछूतसम्बन्धी घटनालाई निर्मूल गरी जातीय विभेदमुक्त वातावरणको सुनिश्चित गर्न सरकारलाई आग्रह गर्दछ", विज्ञप्तिमा भनिएको छ, "समाजमा कायम रहेको विभेद्को अन्त्य गर्ने कार्यमा पूर्ण प्रतिबद्ध हुन आयोग सबै राजनीतिक दल, गैरसरकारी सङ्घ संस्था तथा नागरिकलाई आयोग अनुरोध गर्दछ ।"

संवैधानिक तथा कानुनी व्यवस्थाका बाबजुद कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अझै पनि जातीय विभेदको स्थिति कायमै रहेको र दोषीलाई कानुन बमोजिम समयमै कारबाही हुन नसकेको स्थिति छ ।

पछिल्लो समय ओखलढुङ्गामा दलित समुदायलाई मन्दिर प्रवेश गर्न रोक लगाइएको विषयमा प्रमुख जिल्ला अधिकारीकै संयोजकत्वमा बसेको बैठकले निर्णय गरी अपराधलाई ढाकछोप गर्न खोजिएको, सिराहाको भगवनपुर गाउँपालिका अध्यक्षले घरमा राखेको भोजमा जातीय भेदभावजन्यकार्य गरेको, महोत्तरीमा दलितको भोज खाएको भनि सामाजिक बहिष्कार गरिएको साथै जुम्ला, रामेछापलगायतका जिल्लामा जातीय भेद्भावका घटना भएका आयोगको अनुगमनबाट पाइएको छ ।

संयुक्त राष्ट्र सङ्घद्वारा जारी तथा नेपाल पक्ष भएको जातीय भेद्भाव उन्मूलन गर्ने तथा भेद्भावका कारण पीडित व्यक्ति वा समूहका अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने उल्लेख गरेको छ ।

नेपालको संविधानले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, न्यायसम्बन्धी हक, दलितको हक, सामाजिक न्यायको हक, समानताको हक, छुवाछूत तथा भेद्भाव (कसूर र सजाय) ऐन, २०६८ र मुलुकी अपराधसंहिता, २०७४ समेतले यी हकको प्रत्याभूति गरेको छ ।

# तिलाठीमा जन्मदर्ता गराउने अभियान सञ्चालन गरिने



**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा जन्मदर्ता गर्न छुटेकाहरुको लगत संकलन गरी जन्मदर्ता गराउने अभियान सञ्चालन गरिने भएको छ ।

सो सम्बन्धमा मंगलबार पालिकाको कार्यालयमा जन्मदर्ता तथा घटना दर्ता सम्बन्धी अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको हो ।

युनिसेफको सहयोगमा तिलाठी कोइलाडी गाउँपालिकाले बाल संरक्षण कार्यक्रम अन्तर्गत उक्त अभियान संचालन गर्न लागेको हो ।

तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलको अध्यक्षतामा सो अभिमुखीकरण कार्यक्रम प्रथम चरणमा तिलाठी कोइलाडी गाउँपालिकाको वडा नं ३, ४ र ५ मा स्वयम्सेवक मार्फत जन्मदर्ता गर्न छुटेकाहरुको लगत संकलन गरिने बाल संरक्षण कार्यक्रमका सम्पर्क व्यक्ति किशोर कुमार झाले बताए ।

तिलाठी कोइलाडी गाउँपालिकाको ८ वटै वडाका दर्ता किताबमा १५ हजार ७ सय ९ जनाको जन्मदर्ता कायम रहेको छ । पहिलो चरणमा तीनवटै वडामा स्वयम्सेवकमार्फत लगत संकलन गरिने र त्यसपछि जन्म दर्ता गराइने कार्यक्रम रहेको सम्पर्क ब्यक्ति झाले जनाकारी दिए ।

स्वयम्सेवकहरुमार्फत व्यक्तिगत घटना दर्ता सम्बन्धी कानुनी ब्यवस्था सहितको पोष्टर पम्पलेट वितरण र माइकिङ्ग समेत गरिने कार्यक्रम रहेको सो अभिमुखीकरण कार्यक्रममा जानकारी गराइयो ।

कार्यक्रममा तिलाठी कोइलाडी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादवले जन्म तथा ब्यक्तिगत घटना दर्ता सम्बन्धी कानुनी प्रावधानका बारेमा प्रस्तुतीकरण गरे । युनिसेफकी सुष्मा भट्टले कार्यक्रमको उद्देश्यको बारेमा जानकारी गराउँदै दोस्रो चरणमा बाँकी रहेका बडाहरुलाई समेत समेटिने बताए ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

गर्मी याममा,
➢ झाडापखाला, बान्ता, आउँ, जण्डिस, टाईफाइडलगायत रोगको जोखिम बढी हुन्छ।
➢ लामखुट्टे, झिंगा, भुसुना आदिबाट रोग सर्न सक्दछ ।
त्यसैले, व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८२३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*